# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

**Securities Board of Nepal**

**(Established by the Government of Nepal under Securities Act)**


## प्रेस विज्ञप्ती

नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०७३।०७।२३ मा बोर्डको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लाई स्वीकृति प्रदान गरेको छ र बोर्डले मिति २०७३।८।१ गतेदेखि उक्त नियमावली लागू गर्ने भएको छ । पूँजीवजारको विकास तथा विस्तार गर्न, अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न तथा वास्तविक क्षेत्रका संगठित संस्थाहरुलाई पूँजीवजारमा सहभागी गराउनुका साथै साविकको नियमावलीमा देखिएका कमिकमजोरीहरुलाई सुधार गर्ने, वजार विकासका लागि आवश्यक नयाँ व्यवस्थाहरु गर्ने उद्देश्यले तयार गरिएको यस नियमावलीले साविकको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ लाई प्रतिस्थापन गरेको छ ।

यस नयाँ नियमावलीले प्रमुख रुपमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्ने व्यवस्था गर्ने, वास्तविक क्षेत्रका संगठित संस्थाहरुले न्यूनतम दश प्रतिशत मात्र पनि सार्वजनिक निष्काशनमा जान पाउने व्यवस्था गर्न, प्रिमियममा धितोपत्र निष्काशन गर्न सक्ने व्यवस्थालाई वजार मैत्री गर्ने, स्वार्थ बाझिने गरी धितोपत्रको निष्काशन/वितरण गर्न नपाउने, धितोपत्र दर्ता तथा दस्तुर वुझाउने व्यवस्थालाई सरलीकृत गर्ने, संगठित संस्थाहरुले गर्ने सार्वजनिक निष्काशन, हकप्रद निष्काशन, नयाँ निष्काशन तथा अन्य निष्काशनलाई थप सरलीकृत गर्ने, सूचिकृत संगठित संस्थाहरुको विवरण प्रवाहलाई थप व्यवस्थित गर्ने, गाभ्ने गाभिने प्राप्ति कार्यपछिको धितोपत्र दर्ता कार्यलाई सहजीकरण गर्ने, परिपत्र विधिद्वारा गरिने निष्काशन कार्यलाई व्यवस्थित गरी स्वस्थ परिपाटीको विकास गर्ने जस्ता व्यवस्थाहरु गरिएको छ ।

यो नियमावली लागू भए पश्चात वास्तविक क्षेत्र (Real Sector) का संगठित संस्थाहरुको वजारमा प्रवेशलाई प्रोत्साहन हुने, दोस्रो बजार व्यापक भै बजारको संरचनात्मक सुधार हुने, IFC, ADB जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्दा बजारको विस्तार र गहिराई वढी नयाँ अध्याय थपिने, conflict of interest लाई सम्बोधन हुने, धितोपत्रको निष्काशन कार्य थप व्यवस्थित तथा पारदर्शी हुने तथा विगत पच्चीस वर्षदेखि Fixed Price मा सार्वजनिक निष्काशन हुने गरेकोमा निश्चित मापदण्ड पूरा गरी Free Pricing मा जानको लागि पूर्वाधार तयार हुने वोर्डको विश्वास रहेको छ ।

निरज गिरी
प्रवक्ता
२०७३।०७।२८


*Post Box No. 9031, Jawalakhel, Lalitpur, Nepal*
*Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433*